जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २९५ | २०८३ साल जेठ २८ गते बिहीवार | Thursday-11-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## निजगढ नगरपालिकामा ११ करोड ३७ लाखभन्दा बढी बेरूजु, कुल बाँकी बेरूजु ८३ करोड नाघ्यो

***शु.आ. सम्बाददाता***
***बारा, २७ जेठ***




महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदनअनुसार निजगढ नगरपालिकामा चालु आर्थिक वर्षमा मात्रै ११ करोड ३७ लाख ४१ हजार ३२२ रुपैयाँ बेरुजु कायम भएको छ। प्रतिवेदनले नगरपालिकाको आर्थिक अनुशासन, खर्च व्यवस्थापन तथा वित्तीय पारदर्शितामा गम्भीर प्रश्न उठाएको छ।

प्रतिवेदनअनुसार नगरपालिकाको चालु वर्षको प्रारम्भिक बेरुजु ८३ दफामा ११ करोड ५४ लाख १५ हजार ६६१ रुपैयाँ रहेकोमा प्रतिक्रियाबाट केही रकम फछ्र्योट भएपछि ८३ दफामै ११ करोड ३७ लाख ४१ हजार ३२२ रुपैयाँ बेरुजु कायम भएको हो। यसमध्ये असुल गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नुपर्ने, जिम्मेवारी नसारेका तथा नियमविपरीत खर्च गरिएका शीर्षकहरू समावेश छन्।

महालेखाका अनुसार गत वर्षसम्मको बाँकी बेरुजु ७३ करोड ४१ लाख ५७ हजार ४८० रुपैयाँ रहेको थियो। चालु वर्षको थप बेरुजु जोडिएपछि तथा सीमित रकम मात्र सम्परीक्षणबाट फछ्र्योट हुँदा नगरपालिकाको कुल बाँकी बेरुजु ८३ करोड २३ लाख ९७ हजार ४७७ रुपैयाँ पुगेको छ। यो रकम स्थानीय तहको वित्तीय व्यवस्थापनका दृष्टिले निकै उच्च मानिएको छ।

प्रतिवेदनमा विभिन्न शीर्षकमा भएको अनियमितता औंल्याइएको छ। वितरण गरिएको रकमको भर्पाई पेश नगरिएको, बैठक भत्ता नियमविपरीत वितरण गरिएको, आवश्यकताभन्दा बढी बैठक भत्ता भुक्तानी गरिएको, कर्मचारी तथा पदाधिकारीलाई बढी भुक्तानी गरिएको, तलब तथा पारिश्रमिकमा कर छुट दिइएको, पदपूर्ति समितिको बैठक भत्ता वितरणमा त्रुटि भएको तथा निर्धारित नर्म्स विपरीत दर कायम गरी खर्च गरिएको उल्लेख छ।

त्यस्तै जोखिम भत्ता, जनप्रतिनिधिलाई दोहोरो सुविधा उपलब्ध गराइएको, छुट तलब भुक्तानी, कानुनी व्यवस्था विपरीत भत्ता वितरण, कानुनबमोजिम गठन नभएका समितिहरूलाई बैठक भत्ता भुक्तानी, कर कट्टी नगरी रकम भुक्तानी, इन्धन सुविधा तथा अनुगमन भत्तामा समेत बेरुजु देखिएको छ।

महालेखाले औंल्याएका केही प्रमुख बेरुजुहरूमा चालु आर्थिक वर्षको पेश्की बाँकी ४ लाख ७४ हजार रुपैयाँ, आर्थिक वर्ष २०८०/८१ को पेश्की बाँकी १ लाख ५० हजार रुपैयाँ, आर्थिक वर्ष २०७९/८० को पेश्की १८ लाख ५५ हजार रुपैयाँ, आर्थिक वर्ष २०७८/७९ को पेश्की व्यवस्थापनतर्फ २१ लाख ८५ हजार

*बाँकी तेश्रो पृष्ठमा*

## उपभोक्ता समितिको नाममा ठेकेदार परिचालन, ४६ लाख भन्दा बढी रकमको अनियमितता

***शु.आ. सम्बाददाता***
***कलैया, २७ जेठ***




महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनले कोल्हवी नगरपालिकामा विकास निर्माणका काममा गम्भीर अनियमितता, कानुनको खुला उल्लंघन तथा उपभोक्ता समितिको नाममा ठेकेदार परिचालन गरिएको तथ्य उजागर गरेको छ। प्रतिवेदनअनुसार उपभोक्ता समितिले आफैं गर्नुपर्ने निर्माण कार्य निर्माण व्यवसायी तथा सब-कन्ट्र्याक्टरमार्फत गराइएको भेटिएको छ, जसबाट ४६ लाख ४४ हजार २५५ रुपैयाँ बराबरको अनियमितता देखिएको छ।

सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ९७(१०) ले उपभोक्ता समितिले प्राप्त गरेको निर्माण कार्य आफैं सम्पन्न गर्नुपर्ने र कुनै पनि निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरमार्फत गराउन नपाइने स्पष्ट व्यवस्था गरेको छ। नियमावलीले यस्ता कार्य गर्ने उपभोक्ता समितिको अभिलेख राखी भविष्यमा कुनै पनि सार्वजनिक निर्माण कार्यमा सहभागी हुन नदिने तथा निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सिफारिस गर्नुपर्ने व्यवस्था समेत गरेको छ।

तर कोल्हवी नगरपालिकाले उक्त कानुनी व्यवस्था विपरीत उपभोक्ता समितिको आवरणमा निर्माण व्यवसायीलाई काम गराएको महालेखाको ठहर छ।

प्रतिवेदनअनुसार सशस्त्र प्रहरी बेस क्याम्प भवन निर्माण उपभोक्ता समितिलाई दिइएको १० लाख २७ हजार ४८९ रुपैयाँ बराबरको भवन निर्माण कार्य हरे राम निर्माण सेवा, कोल्हवी मार्फत सम्पन्न भएको पाइएको छ। त्यसैगरी वडा नं. ११ मा नाला तथा सडक ढलान उपभोक्ता समितिलाई दिइएको ७ लाख २४ हजार ७५५ रुपैयाँ ३८ पैसा बराबरको काम रियान्स निर्माण सेवा, कोल्हवी ले गरेको भेटिएको छ।

त्यस्तै नगर पूर्वाधार विकास कार्यक्रम अन्तर्गत पिसिसी ढलान उपभोक्ता समितिलाई दिइएको २८ लाख ९२ हजार ११ रुपैयाँ बराबरको निर्माण कार्य जयन्ती एण्ड प्रविन निर्माण सेवा प्रालि, कोल्हवी मार्फत गराइएको महालेखाले औंल्याएको छ।

महालेखाको निष्कर्ष अनुसार उपभोक्ता समितिको नाममा ठेकेदार परिचालन गरी गरिएको यी तीनवटै योजनाको कुल रकम ४६ लाख ४४ हजार २५५ रुपैयाँ अनियमित रहेको छ। प्रतिवेदनले यस्ता उपभोक्ता समितिको अभिलेख राखी आगामी दिनमा कुनै पनि निर्माण कार्य नदिन तथा संलग्न निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सम्बन्धित निकायमा सिफारिस गर्नुपर्ने उल्लेख गरेको छ।

महालेखाले कोल्हवी नगरपालिकाको अर्को गम्भीर कमजोरीका रूपमा उपभोक्ता समिति छनोट प्रक्रियालाई पनि औंल्याएको छ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार एक करोड

*बाँकी तेश्रो पृष्ठमा*

## परवानीपुर गाउँपालिका मधेस प्रदेशमै बेरूजु न्यून राख्दै पहिलो

***शु.आ. सम्बाददाता***
***कलैया, २७ जेठ***




महालेखापरीक्षकको ६३ औं वार्षिक प्रतिवेदन, २०८३ अनुसार मधेस प्रदेशका १३६ स्थानीय तहमध्ये परवानीपुर गाउँपालिका सबैभन्दा कम बेरुजु हुने स्थानीय तहको रूपमा पहिलो स्थान हासिल गर्न सफल भएको छ। प्रतिवेदनले गाउँपालिकाको बेरुजु दर केवल ०.२९ प्रतिशत रहेको उल्लेख गर्दै वित्तीय अनुशासन र सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापनतर्फ उल्लेखनीय प्रगति भएको देखाएको छ।

यस उपलब्धिसँगै परवानीपुर गाउँपालिकाले नेपालभरका ७५३ स्थानीय तहमध्ये ५९ औं स्थान हासिल गरेको छ, जुन स्थानीय तहको प्रशासनिक क्षमता, लेखा प्रणालीको सुधार र खर्च व्यवस्थापनमा भएको सुधारको परिणामका रूपमा हेरिएको छ। स्थानीय तहमा सार्वजनिक वित्तीय व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र नियमअनुसार खर्च गर्ने अभ्यास बलियो हुँदै गएको संकेत यो प्रतिवेदनले दिएको छ। न्यून बेरुजु दरले सार्वजनिक स्रोतसाधनको सही उपयोग, समयमै लेखा परीक्षण तथा अभिलेख व्यवस्थापनमा भएको सुधारलाई प्रतिबिम्बित गरेको सरोकारवालाहरूको मूल्यांकन छ।

गाउँपालिकाले हासिल गरेको यो उपलब्धि केवल संख्यात्मक सफलता मात्र नभई सुशासन र संस्थागत सुधारको सूचकका रूपमा पनि लिइएको छ। विकास आयोजना कार्यान्वयन, प्रशासनिक खर्च व्यवस्थापन र लेखा प्रणालीलाई व्यवस्थित बनाउन गरिएको निरन्तर प्रयासले सकारात्मक नतिजा दिएको देखिन्छ। यस सफलतामा प्रमुख प्रशासकीय अधिकृत मुन्ना रौनियारको नेतृत्व, समन्वय र व्यवस्थापकीय क्षमताको महत्वपूर्ण भूमिका रहेको सरोकारवालाहरूले बताएका छन्। लेखा प्रणाली सुधार, खर्च नियन्त्रण र अनुगमनलाई कडाइका साथ कार्यान्वयन गर्न उहाँले देखाएको सक्रियताले गाउँपालिकाको समग्र वित्तीय अनुशासन मजबुत बनाउन सहयोग पुगेको जनाइएको छ।

गाउँपालिकाले आगामी दिनमा शून्य बेरुजुको लक्ष्यसहित अझ प्रभावकारी वित्तीय व्यवस्थापन प्रणाली लागू गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। जनप्रतिनिधि तथा कर्मचारीहरूले सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई निरन्तर सुदृढ गर्दै विकास निर्माणका कार्यलाई अझ प्रभावकारी बनाउने अठोट व्यक्त गरेका छन्। परवानीपुर गाउँपालिकाको यो उपलब्धिले अन्य स्थानीय तहका लागि पनि अनुकरणीय उदाहरण प्रस्तुत गरेको छ। वित्तीय अनुशासन र पारदर्शिता कायम राख्दै विकासलाई दिगो बनाउने दिशामा गरिएको प्रयासले स्थानीय शासनप्रतिको जनविश्वास थप मजबुत हुने अपेक्षा गरिएको छ।

## महासंघको देशव्यापी धर्नाः पर्सा र रौतहटमा प्रदर्शन, बारामा कार्यक्रम भएन

***शु.आ. सम्बाददाता***
***कलैया, २७ जेठ***




नेपाल पत्रकार महासंघले सरकारी विज्ञापन तथा सार्वजनिक सूचना वितरणसम्बन्धी सरकारले गरेको भनिएको विभेदकारी र स्वेच्छाचारी निर्णयको विरोधमा बुधबार देशव्यापी धर्ना कार्यक्रम सम्पन्न गरेको छ। महासंघको केन्द्रीय समितिको सर्कुलरअनुसार पर्सा, रौतहटसहित देशका ७६ जिल्लामा जिल्ला प्रशासन कार्यालय अगाडि एक घण्टा धर्ना कार्यक्रम आयोजना गरिएको हो।

बिहान ११ बजेदेखि १२ बजेसम्म सञ्चालन भएको धर्ना कार्यक्रममा सहभागी सञ्चारकर्मीहरूले सरकारी सूचना तथा विज्ञापन वितरणमा समान व्यवहार हुनुपर्ने, प्रेस स्वतन्त्रताको सम्मान गरिनुपर्ने तथा सञ्चारमाध्यममाथि गरिने कुनै पनि प्रकारको विभेद अन्त्य हुनुपर्ने माग गरेका थिए।

पर्सा र रौतहटमा आयोजित धर्ना कार्यक्रममा पत्रकारहरूले सरकारको पछिल्लो नीति र निर्णयहरू प्रेस स्वतन्त्रता तथा स्वतन्त्र सञ्चारमाध्यमको अस्तित्वमाथि चुनौतीका रूपमा देखिएको टिप्पणी गरेका छन्। उनीहरूले सरकारी विज्ञापन वितरणलाई नियन्त्रणको माध्यम बनाउने प्रयास भए लोकतान्त्रिक मूल्य र मान्यतामाथि गम्भीर असर पर्ने चेतावनी दिएका छन्।

धर्ना कार्यक्रममा बोल्ने वक्ताहरूले राज्यले सूचना तथा विज्ञापन वितरणलाई निष्पक्ष, पारदर्शी र समानुपातिक बनाउनुपर्नेमा जोड दिएका थिए। उनीहरूको भनाइ थियो, "सरकारी विज्ञापन कुनै सञ्चारमाध्यमलाई पुरस्कृत वा दण्डित गर्ने माध्यम बन्नु हुँदैन। राज्यले सबै सञ्चारमाध्यमलाई समान अवसर उपलब्ध गराउनुपर्छ।"

पत्रकारहरूले सञ्चार क्षेत्र लोकतन्त्रको महत्वपूर्ण अंग भएको उल्लेख गर्दै प्रेस स्वतन्त्रता कमजोर बनाउने कुनै पनि निर्णय अन्ततः नागरिकको सुसूचित हुने अधिकारमाथि आघात हुने बताएका थिए। उनीहरूले सरकारी निर्णय पुनरावलोकन गरी सञ्चार क्षेत्रमैत्री नीति अवलम्बन गर्न सरकारसँग माग गरेका छन्।

देशव्यापी आन्दोलनअन्तर्गत अधिकांश जिल्लामा धर्ना कार्यक्रम सम्पन्न भए पनि बारा जिल्लामा भने निर्धारित कार्यक्रम सञ्चालन हुन सकेन। नेपाल पत्रकार महासंघ बारा शाखाका अध्यक्ष रमेश सुवेदीले केन्द्रीय कार्यालयबाट प्राप्त सर्कुलर सम्बन्धी पत्र समयमा ध्यानमा नपरेका कारण कार्यक्रम आयोजना हुन नसकेको स्वीकार गरेका छन्।

अध्यक्ष सुवेदीका अनुसार महासंघ बारा

*बाँकी तेश्रो पृष्ठमा*

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

# खर्चको अभिलेख छैन भने सुशासन कहाँ?

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो । त्यसैले स्थानीय तहबाट हुने हरेक खर्च पारदर्शी, जवाफदेही र कानुनसम्मत हुनुपर्छ । तर महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनमार्फत कोल्हवी नगरपालिकामा सवारी साधन मर्मत-सम्भार तथा इन्धन खर्च सम्बन्धी औंल्याएका कमजोरीहरुले स्थानीय तहको आर्थिक अनुशासन र सुशासनमाथि गम्भीर प्रश्न खडा गरेका छन् ।

नगरपालिकाले विभिन्न सवारी साधन तथा उपकरणको मर्मत-सम्भारमा ५२ लाख रूपैयाँभन्दा बढी खर्च गरेको देखिन्छ । त्यस्तै इन्धनतर्फ पनि करिब १२ लाख रूपैयाँ खर्च भएको उल्लेख छ । तर यति ठूलो रकम खर्च हुँदा आवश्यक लागत अनुमान, मर्मत अभिलेख, प्रतिस्थापन गरिएका पार्टपुर्जाको विवरण तथा इन्धन खपतसम्बन्धी स्पष्ट र व्यवस्थित रेकर्ड नराखिनु चिन्ताको विषय हो । सार्वजनिक खर्चको मूल आधार नै अभिलेख र प्रमाण हो । खर्च भयो भन्ने मात्र पर्याप्त हुँदैन, त्यो खर्च किन, कसरी र कुन प्रयोजनका लागि भयो भन्ने पुष्टि गर्ने कागजात पनि हुनुपर्छ । जब खर्चको अभिलेख नै अपूर्ण हुन्छ, तब सार्वजनिक स्रोतको सदुपयोग भयो कि भएन भन्ने प्रश्न उठ्नु स्वाभाविक हुन्छ । यही कारण महालेखाले खर्चको वास्तविकता परीक्षण गर्न कठिन भएको उल्लेख गरेको छ । विशेष गरी ट्र्याक्टर, एम्बुलेन्स, दमकल, डोजर तथा अन्य भारी उपकरणहरुको इन्धन खपत र सञ्चालन विवरण व्यवस्थित नराखिनु वित्तीय व्यवस्थापनको कमजोरी मात्र होइन, सम्भावित अनियमितताको जोखिम पनि हो । सार्वजनिक सम्पत्तिको उपयोग, मर्मत तथा सञ्चालनमा पारदर्शिता कायम गर्न नसकिए नागरिकको विश्वास कमजोर बन्छ ।

स्थानीय तहहरुमा पछिल्ला वर्षहरुमा सवारी साधन, निर्माण उपकरण र अन्य भौतिक सम्पत्तिको संख्या बढ्दै गएको छ । तर सम्पत्ति व्यवस्थापन प्रणाली, अभिलेख राख्ने संस्कृति र आन्तरिक नियन्त्रण प्रणाली त्यही अनुपातमा बलियो बन्न सकेको देखिँदैन । कोल्हवी नगरपालिकाको उदाहरणले यही यथार्थ उजागर गरेको छ ।

महालेखाले औंल्याएका सुझावहरुलाई सामान्य टिप्पणीका रुपमा होइन, सुधारको अवसरका रुपमा लिन आवश्यक छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको पूर्ण प्रयोग, मर्मत तथा इन्धन खर्चको नियमित अभिलेखीकरण, लागत अनुमानको अनिवार्य व्यवस्था तथा प्रमाण कागजातको सुरक्षित व्यवस्थापन अब नगरपालिकाको प्राथमिकतामा पर्नुपर्छ । सार्वजनिक स्रोत जनताको करबाट सञ्चालित हुन्छ । त्यसैले प्रत्येक रूपैयाँको हिसाब जनताले खोज्न पाउने अधिकार राख्छन् । पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासन सुशासनका आधारस्तम्भ हुन् । यदि अभिलेख नै अपूर्ण रहने हो भने खर्चको औचित्य प्रमाणित गर्न कठिन हुन्छ र जनविश्वास पनि कमजोर बन्छ । अब कोल्हवी नगरपालिकाले महालेखाको प्रतिवेदनलाई चेतावनीका रुपमा ग्रहण गर्दै कमजोरी सुधारतर्फ ठोस कदम चाल्नुपर्छ । अन्यथा खर्च व्यवस्थापनमा देखिएको लापरबाहीले भविष्यमा अझ गम्भीर प्रश्न र विवाद जन्माउने निश्चित छ । सुशासनको मापन खर्चको आकारले होइन, खर्चको पारदर्शिता र जवाफदेहिताले निर्धारण गर्छ ।

# मधेशमे घोनसारी के घटत चलन, लुप्त होत परंपरा



संजय तिवारी



मधेश क्षेत्र के गाँव-गाँव में कबो आम देखे जाए वाला “घोनसारी” आज धीरे-धीरे गायब होत जा रहल बा । घोनसारी, जहाँ धान, मक्का आ गहुँ से भुजा (मुरही), चिउरा आ सत्तु बनावल जाला, ओह पारंपरिक उद्योग पर आधुनिक मशीन आ बदलत जीवनशैली के गहिर असर पड़ल बा । पहिले हर गाँव में एक-दू गो घोनसारी जरूर रहत रहे, जहाँ स्थानीय लोग आपन अन्न ले जा के भुजा बनवावत रहे । घोनसारी ना सिर्फ खाद्य सामग्री तैयार करे के जगह रहे, बलुक ई गाँव के लोगन के मिलल-जुलल के केन्द्र भी रहे । लोग इहाँ जुट के आपसी हाल-चाल पूछत रहे आ सामाजिक सम्बन्ध मजबूत करत रहे ।

पर अब समय बदल गइल बा । बाजार में रेडीमेड भुजा आ चिउरा आसानी से उपलब्ध होखे लागल बा, आ मशीन से चलत मिल के कारण परंपरागत घोनसारी के महत्व घटत जा रहल बा । युवा पीढ़ी भी एह पेशा में कम रुचि देखावत बिया, जेसे ई पुरान सीप (कौशल) लुप्त होखे के कगार पर पहुँच गइल बा ।

स्थानीय बासिन्दा लोग बतावत बा कि घोनसारी सिर्फ रोजी-रोटी के साधन ना रहे, बलुक ई मधेश के संस्कृति आ पहचान के हिस्सा रहे । अगर एह दिशा में संरक्षण ना कइल गइल, त आने वाला समय में घोनसारी केवल इतिहास बन के रह जाई ।

जानकार लोग के मानना बा कि सरकार आ स्थानीय तह अगर ई परंपरागत उद्योग के संरक्षण आ प्रवर्द्धन पर ध्यान दे, त ना सिर्फ रोजगार बढ़ी, बलुक मधेश के सांस्कृतिक धरोहर भी बचल रही ।

मधेशमे “घोनसारी” के एगो खास स्थान रहल बा । ई सिर्फ भुजा (मुरही), चिउरा आ सत्तु बनावे के जगह ना ह, बलुक गाँव के सामाजिक संरचना, आत्मनिर्भर अर्थव्यवस्था आ परंपरा के मजबूत आधार भी रहल बा । बाकिर बदलत समय, आधुनिकता आ बजार के प्रभाव के चलते आज घोनसारी के अस्तित्व पर सवाल उठ रहल बा ।

- *ऐतिहासिक पृष्ठभूमि आ महत्व*

घोनसारी के इतिहास बहुत पुरान बा । जब आधुनिक मिल आ फैक्ट्री के विकास ना भइल रहे, तब गाँव के लोग आपन अन्न–जइसे धान, मक्का आ गहुँ–घोनसारी में ले जा के भुजा, चिउरा आ सत्तु बनवावत रहे । ई प्रक्रिया पूरी तरह स्थानीय साधन आ श्रम पर आधारित रहे, जे ग्रामीण आत्मनिर्भरता के मजबूत उदाहरण मानल जाला ।




घोनसारी के एकर सांस्कृतिक महत्व भी कम ना रहे । विवाह, पूजा, तिहार आ अन्य सामाजिक कार्यक्रम में भुजा के विशेष स्थान बा । एह हिसाब से घोनसारी मधेश के परंपरा आ जीवनशैली के अभिन्न हिस्सा रहल बा ।

- *सामाजिक भूमिका: सिर्फ उद्योग ना, मेल-मिलाप के केन्द्र*

घोनसारी के सबसे खास बात ई रहे कि ई केवल उत्पादन केन्द्र ना, बल्कि सामाजिक मेल-मिलाप के स्थान भी रहे । गाँव के लोग जब अन्न लेके घोनसारी पहुँचत रहे, त ओहिजा बातचीत, आपसी सहयोग आ सम्बन्ध के मजबूती बढ़त रहे ।

एह तरह घोनसारी ग्रामीण समाज में एकता आ सामुदायिक भावना के बढ़ावा देवे में महत्वपूर्ण भूमिका निभावत रहे ।

- *आर्थिक पक्ष: साना उद्योग, बड़ योगदान*

घोनसारी साना स्तर के उद्योग होते हुए भी ग्रामीण अर्थव्यवस्था में अहम योगदान देत रहल बा ।

स्थानीय स्तर पर रोजगार के सृजन, किसान के उत्पाद के मूल्यवर्धन, सस्ता आ ताजा खाद्य सामग्री के उपलब्धता । ई सब कारण से घोनसारी मधेश के आर्थिक संरचना के आधार मानल जा सकत बा ।

- *आधुनिकता के प्रभाव: घटत चलन*

पिछला कुछ साल में घोनसारी पर आधुनिकता के गहिर असर पड़ल बा । मशीन से चलत राइस मिल आ राइस उद्योग के विकास, बजार में पैक कइल भुजा आ चिउरा के सहज उपलब्धता, युवा पीढ़ी के पारंपरिक पेशा से दूरी, एह सब कारण से घोनसारी के संख्या तेजी से घट रहल बा । आज कई गाँव में ई परंपरा लगभग समाप्त हो चुकल बा ।

- *चुनौती आ संकट*

घोनसारी के सामने कई गो चुनौती खड़ा बा:

आर्थिक असुरक्षा - आमदनी कम होखे के कारण लोग ई पेशा छोड़ रहल बा, तकनीकी पिछड़ापन - आधुनिक मशीन से मुकाबला मुश्किल बा, सरकारी उपेक्षा - संरक्षण आ प्रोत्साहन के कमी, सांस्कृतिक बेपरवाही - नई पीढ़ी में जागरूकता के अभाव, अगर समय रहते ध्यान ना दिहल गइल, त ई परंपरा पूरी तरह लुप्त हो सकेला ।

- *संरक्षण के उपाय: का हो सकेला ?*

घोनसारी के बचावे खातिर कुछ ठोस कदम जरूरी बा:

रूप में पुनर्जीवित कइल जा सकेला ।

- *निष्कर्ष ।*

घोनसारी मधेश के सिर्फ एगो पुरान उद्योग ना, बल्कि सांस्कृतिक पहचान, सामाजिक एकता आ आर्थिक आत्मनिर्भरता के प्रतीक ह । आज जब ई परंपरा संकट में बा, तब जरूरी बा कि समाज, सरकार आ युवा मिलके एह के बचावे के प्रयास करे । ना त, आने वाला पीढ़ी घोनसारी के केवल किताब आ कहानी में पढ़ी, देख ना पाई ।

गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी
डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं – + ९७७ ९८५११९१०५०,९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उतर

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# इरानले भन्यो : अमेरिकी-इजरायली आक्रमण रोक्नु खाडी देशहरुको जिम्मेवारी

***तेहरान-*** इरानले अहिले जारी आक्रमण रोक्न खाडी देशहरूले भूमिका खेल्नुपर्ने बताएको छ। इरानी विदेश मन्त्रालयले पश्चिम एसिया क्षेत्रका देशहरूले कानुनी र नैतिक जिम्मेवारी लिएर अमेरिकी-इजरायली आक्रमण रोक्नुपर्ने बताएको छ ।

मध्यपूर्वका देशहरूले अमेरिका र इजरायललाई आफ्नो क्षेत्र प्रयोग गरेर इरानमाथि हमला गर्न दिन नहुने उसको तर्क छ ।

मन्त्रालयको विज्ञप्तिमा विशेष रूपमा खाडी क्षेत्रको दक्षिणी तटमा रहेका देशहरूलाई उल्लेख गरिएको छ । इरानले यी देशहरूले आफ्नो भूमि वा सुविधा अमेरिका र इजराइलले इरानविरुद्ध हमला योजना बनाउन, कार्यान्वयन गर्न वा समर्थन गर्न नपाउने सुनिश्चित गर्नुपर्ने जनाएको छ ।



**जोर्डनको अमेरिकी बेसलाई निशाना**

यसैबीच इरानको रिभोलुसनरी गार्ड (आईआरजीसी) ले जोर्डनमा रहेका अमेरिकी सैन्य ठाउँहरूमाथि हमला गरेको जनाएको छ ।

इरानले यो कारबाही अमेरिकाले जास्क, केश्म द्वीप, मीनाब, बन्दर अब्बास र सीरिक लगायतका धेरै इलाकामा गरेको हवाई हमलाको जवाफमा गरिएको हो ।

**जर्डनको दाबी : ५ इरानी मिसाइल खसालियो**

जर्डनको सेनाले बुधवार उसको एयर डिफेन्स प्रणालीले इरानबाट प्रहार गरिएका ५ मिसाइललाई हावामै नष्ट गरेको जनाएको छ ।

सेनाका अनुसार, मिसाइलहरू देशको पूर्वी भागमा रहेको अल-अजराक क्षेत्रतर्फ बढिरहेका थिए । इन्टरसेप्सनपछि मिसाइलका टुक्राहरू विभिन्न ठाउँमा खसेका छन् । तर कुनै हताहत वा सम्पत्तिको क्षति भएको रिपोर्ट छैन ।

जर्डनले सैन्य इन्जिनियरिङ टोलीहरू भग्नवाशेष सुरक्षित गर्न र सम्भावित विस्फोटक पदार्थ हटाउन घटनास्थलमा पठाइएका छन् ।

**इरानको दाबी- जर्डनको एयरबेसमा एफ-३५ ह्यांगर ध्वस्त**

इरानको रिभोलुसनरी गार्ड (आईआरजीसी) ले जर्डनको एक एयरबेसमा लामो दूरीका मिसाइलबाट हमला गरेको जनाएको छ । आईआरजीसीका अनुसार, यो हमलामा एफ-३५ लडाकु विमानका ह्यान्गार र कमान्ड सेन्टरसहित चार महत्वपूर्ण ठाउँ नष्ट भएका छन् ।

आईआरजीसीले यो कारबाही अमेरिकाविरुद्धको उसको व्यापक जवाफी अभियानको भाग रहेको जनाएको छ । इरानले मध्यपूर्वका अमेरिकी वायु र नौसेना ठाउँहरूमध्ये कुल २१ लक्ष्यलाई निशाना बनाएको जनाएको छ ।

**इरानको दाबी- अमेरिकी एमक्यू-९ ड्रोन खसालियो**

इरानले अमेरिकी एमक्यू-९ रीपर ड्रोन खसालेको जनाएको छ । इरानको तस्नीम न्यूज एजेन्सीका अनुसार यो हमला दक्षिणी इरानको जाम क्षेत्रमा गरिएको थियो ।

ड्रोन खसालिएको भिडियो सोसल मिडियामा आएको छ । अहिलेसम्म अमेरिकी सेनाले एमक्यू-९ ड्रोन खसालिएको आधिकारिक पुष्टि गरेको छैन ।

उता इरान-अमेरिका तनावबीच बहराइनमा एयर रेड साइरन बजाइएको छ । बहराइनको गृह मन्त्रालयले जनतालाई शान्त रहन र तुरुन्त नजिकको सुरक्षित स्थानमा जान अपिल गरेको छ ।

यो अलर्ट त्यतिबेला जारी गरिएको हो जब इरानले बहराइनमा रहेको अमेरिकी फिफ्थ फ्लीटको ठाउँलाई ड्रोनबाट निशाना बनाएको दाबी गरेको थियो । यसअघि अमेरिकाले इरानका धेरै सैन्य ठाउँमा हवाई हमला गरेको थियो ।

# रौतहटमा काठ र अवैध भन्सार छलीका सामान प्रहरी नियन्त्रणमा तस्कर फरार

***शु.आ. सम्बाददाता***
***रौतहट, २७ जेठ***

जिल्लाका छुट्टाछुट्टै दुई स्थानबाट प्रहरीले अवैध सालको काठ र लाखौं मूल्य बराबरको भन्सार छलीका कपडाहरू बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय रौतहट र मातहतका सुरक्षा पोस्टहरूले सक्रियता बढाएसँगै ती अवैध सामानहरू नियन्त्रणमा लिन सफलता मिलेको हो ।

जिल्लाको गुजरा नगरपालिका वडा नम्बर २ चोचास्थित झाडीमा लुकाई-छिपाई राखिएको अवस्थामा २ थान सालको गोलाई (गोलिया) काठ प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी रंगपुर रौतहटबाट प्रहरी सहायक निरीक्षक महमद राहत हुसेन गदीको कमाण्डमा खटिएको विशेष गस्ती टोलीले उक्त काठ नियन्त्रणमा लिएको हो ।



बरामद गरिएको काठ करिब १५ क्युबिक फिट रहेको र त्यसको अनुमानित बजार मूल्य तीस हजार रुपैयाँ बराबर रहेको प्रहरीले जनाएको छ । प्रहरी चौकी रंगपुरबाट करिब ४ किलोमिटर उत्तर-पश्चिम दूरीमा रहेको उक्त स्थानबाट बरामद गरिएको काठलाई आवश्यक कानुनी प्रक्रियाका लागि सब-डिभिजन वन कार्यालय चोचासँग समन्वय गरी जिम्मा लगाइएको छ। वन तस्करीमा संलग्न व्यक्तिहरूको खोजी भइरहेको प्रहरीले जनाए । यसैगरी भारतबाट भन्सार छली अवैध रूपमा नेपाल भित्र्याउँदै गरेको अवस्थामा लाखौं मूल्यको लत्ताकपडा प्रहरीले बरामद गरेको छ । गौर नगरपालिका वडा नम्बर ८ स्थित हनुमान चोकमा अस्थायी प्रहरी पोस्ट बसपार्कबाट प्रहरी सहायक निरीक्षक दिपेन्द्र पासवानको कमाण्डमा खटिएको गस्ती टोलीले उक्त अवैध सामान नियन्त्रणमा लिएको हो ।

अस्थायी प्रहरी पोस्ट बसपार्कबाट करिब ३ किलोमिटर पूर्व पर्ने उक्त क्षेत्रमा भारतबाट अवैध रूपमा ल्याइँदै गरेको करिब दुई लाख रुपैयाँ अनुमानित मूल्य बराबरको विभिन्न किसिमका कपडाहरू बरामद गरिएको छ। प्रहरी टोलीलाई देख्नासाथ सामान बोक्ने मानिसहरू सामान छाडेर फरार भएका थिए ।

बरामद गरिएका कपडाहरूलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय रौतहटमा पठाइएको छ भने फरार रहेका सामान धनी तथा तस्करहरूको खोजी कार्य तीव्र पारिएको प्रहरीले जनाए । पछिल्लो समय सीमावर्ती क्षेत्रमा प्रहरीले निगरानी बढाएपछि तस्करीका सामानहरू बरामद हुने क्रम बढेको छ ।

## निजगढ.........

३२५ रुपैयाँ तथा आर्थिक वर्ष २०७७/७८ को पेस्की बाँकी १ करोड १३ लाख ११ हजार रुपैयाँ समावेश छन् ।

सम्परीक्षणका क्रममा विभिन्न २१ वटा दफाबाट १ करोड ७१ लाख ७५ हजार ६६४ रुपैयाँ सम्बन्धित निकायले फछ्र्योट तथा पुष्टि गरेको प्रतिवेदनमा उल्लेख भए पनि बाँकी बेरुजुको आकार अझै ठूलो रहेको देखिएको छ । महालेखा परीक्षकको कार्यालयले नगरपालिकालाई असुल गर्नुपर्ने रकम तत्काल असुल गर्न, प्रमाण कागजात पेश गर्न बाँकी रहेका खर्चहरूको पुष्टि गर्न, पेस्की फछ्र्योट गर्न तथा कानुन र वित्तीय अनुशासनअनुसार खर्च व्यवस्थापन गर्न निर्देशन दिएको छ। स्थानीय तहमा सुशासन, पारदर्शिता र जवाफदेहिताको अपेक्षा गरिरहेका नागरिकका लागि निजगढ नगरपालिकाको बढ्दो बेरुजु चिन्ताको विषय बनेको छ ।

आर्थिक अनुशासन कायम गर्दै बेरुजु घटाउनेतर्फ नगरपालिकाले प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता प्रतिवेदनले औंल्याएको छ ।

## उपभोक्ता........

रुपैयाँसम्मको लागत अनुमान भएका निर्माण कार्य लाभग्राही समुदाय वा उपभोक्ता समितिमार्फत गराउन सकिने व्यवस्था छ । तर त्यसका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने, प्रस्ताव माग गर्ने वा समुदायबाट निवेदन आह्वान गर्ने लगायतका प्रक्रिया अनिवार्य रूपमा पूरा गर्नुपर्छ । तर कोल्हवी नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा उपभोक्ता समितिमार्फत गराइएका विभिन्न योजनामा सम्झौता अघि पूरा गर्नुपर्ने कानुनी प्रक्रिया पालना गरेको प्रमाण प्रस्तुत गर्न नसकेको महालेखाले जनाएको छ । यसले उपभोक्ता समितिहरू पारदर्शी, प्रतिस्पर्धात्मक र सहभागितामूलक ढंगले छनोट भएका थिए भन्ने पुष्टि हुन नसकेको प्रतिवेदनमा उल्लेख छ ।

महालेखाले यस प्रकारको कार्यशैलीले विकास निर्माणको गुणस्तर, लागत तथा समय व्यवस्थापनमा प्रतिकूल प्रभाव पार्ने भन्दै भविष्यमा लाभग्राही समूह वा उपभोक्ता समिति छनोट गर्दा कानुनअनुसार खुला, पारदर्शी र सहभागितामूलक प्रक्रिया अवलम्बन गर्न निर्देशन दिएको छ ।

स्थानीय तहमा जनसहभागिता र पारदर्शिता सुनिश्चित गर्ने उद्देश्यले गठन गरिने उपभोक्ता समितिलाई केवल कागजी माध्यम बनाएर वास्तविक काम ठेकेदारलाई सुम्पिएको तथ्य सार्वजनिक भएपछि कोल्हवी नगरपालिकाको विकास निर्माण प्रणालीमाथि गम्भीर प्रश्न उठेको छ। महालेखा परीक्षकको प्रतिवेदनले नगरपालिकाभित्र योजनाहरूमा उपभोक्ता समितिको दुरुपयोग भएको संकेत गरेको छ। कानुनले निषेध गरेको कार्यमा नगरपालिकाका जिम्मेवार अधिकारीहरूले कसरी स्वीकृति दिए, उपभोक्ता समितिहरू कसरी गठन भए र निर्माण व्यवसायीहरू कसरी प्रत्यक्ष रूपमा संलग्न भए भन्ने विषयमा अब सम्बन्धित निकायबाट थप छानबिनको आवश्यकता देखिएको स्थानीय सरोकारवालाहरूको भनाइ छ ।

महालेखाको प्रतिवेदन सार्वजनिक भएसँगै कोल्हवी नगरपालिकामा विकास निर्माणका नाममा भइरहेको आर्थिक अनुशासनहीनता, कानुनी प्रक्रिया उल्लंघन र उपभोक्ता समितिको दुरुपयोगबारे व्यापक बहस सुरु भएको छ । स्थानीयवासीले दोषीमाथि कारबाही र अनियमित रकमको जवाफदेहिता सुनिश्चित गर्न माग गरेका छन् ।

## बिलबिजक.......

क्वारेन्टाइनसम्बन्धी कागजात प्रस्तुत गर्न नसकिएको प्रहरीले जनाएको छ। त्यसपछि उक्त आँप नियन्त्रणमा लिइएको हो। प्रहरीका अनुसार बरामद गरिएको आँपको अनुमानित मूल्य करिब २ लाख ६५ हजार रुपैयाँ रहेको छ । त्यस्तै, पिकअप गाडीको मूल्य करिब १७ लाख रुपैयाँ आँकलन गरिएको छ । यसरी बरामद मालसामान र सवारीसाधनको कुल मूल्य १९ लाख ६५ हजार रुपैयाँ बराबर रहेको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न पिकअप चालक जितपुरसिमरा उपमहानगरपालिका-१६ निवासी २६ वर्षीय विवेक लोप्चनलाई समेत नियन्त्रणमा लिइएको छ। बरामद आँप, पिकअप गाडी तथा चालकलाई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालय, पर्सामा बुझाइएको इलाका प्रहरी कार्यालय अमलेखगञ्जले जनाएको छ । प्रहरीले कृषि उपज तथा खाद्यवस्तुको ढुवानी गर्दा आवश्यक कागजात अनिवार्य रूपमा साथमा राख्न तथा कानुनी प्रक्रिया पूरा गर्न व्यवसायी र ढुवानीकर्तालाई आग्रह गरेको छ । पछिल्लो समय राजमार्ग क्षेत्रमा चेकजाँचलाई थप प्रभावकारी बनाइएकाले अवैध तथा कागजातविहीन ढुवानी नियन्त्रणमा सहयोग पुगेको प्रहरीको भनाइ छ ।


**देवताल गाउँपालिका**
**पिप्राढीगोढ, बारा**

**जनहितका लागि जारी गरिएको सन्देश**

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाइँसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत



**करैयामाई गाउँपालिका द्वारा जनहितमा जारी सन्देश**

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

**करैयामाई गाउँपालिकाको कार्यालय, करैया, बारा**


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# ईशनाथ नगरपालिकाद्वारा घरमै राहदानी वितरण सेवा सुरु

*शु.आ. सम्बाददाता*
*रौतहट, २७ जेठ*

नागरिकलाई सहज, सरल र प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्यले ईशनाथ नगरपालिकाले घरमै राहदानी (पासपोर्ट) वितरण गर्ने नवीन तथा जनमुखी सेवा सञ्चालनमा ल्याएको छ। स्थानीय सरकारको सेवा प्रवाहलाई नागरिकमैत्री बनाउने अभियानअन्तर्गत नगरपालिकाले हुलाक सेवासँगको सहकार्यमा राहदानी घरदैलोमै पुऱ्याउने व्यवस्था सुरु गरेको हो।



सरकारले अवलम्बन गरेको "सेवा घरदैलोमै" भन्ने अवधारणालाई व्यवहारमा उतार्दै ईशनाथ नगरपालिकाले नागरिकलाई कार्यालयसम्म धाउनुपर्ने बाध्यता कम गर्ने महत्वपूर्ण कदम चालेको छ। राहदानी तयार भएपछि सेवाग्राही स्वयं कार्यालय वा जिल्ला सदरमुकामसम्म पुगेर बुझ्नुपर्ने झन्झट अन्त्य गर्दै अब हुलाक सेवामार्फत नागरिकको घरमै राहदानी पुऱ्याइने भएको छ।

यस कार्यक्रमअन्तर्गत आज आयोजित एक कार्यक्रममा ईशनाथ नगरपालिकाकी नगर प्रमुख कौशल्या देवी, प्रमुख प्रशासकीय अधिकृत मो. नवाज हुसैन तथा हुलाक कार्यालय प्रमुख देवनाथ यादव को उपस्थितिमा सेवाग्राहीलाई राहदानी हस्तान्तरण गरिएको थियो। कार्यक्रममा बोल्दै नगर प्रमुख कौशल्या देवीले नागरिकलाई सहज सेवा प्रदान गर्नु स्थानीय सरकारको प्रमुख दायित्व भएको उल्लेख गर्दै आगामी दिनमा पनि प्रविधिमैत्री तथा जनअपेक्षाअनुसारका सेवाहरू विस्तार गरिने बताइन्।

प्रमुख प्रशासकीय अधिकृत मो. नवाज हुसैनले प्रशासनिक सेवामा नवप्रवर्तन आवश्यक रहेको उल्लेख गर्दै नागरिकको समय, श्रम र खर्च बचत गर्ने उद्देश्यले राहदानी वितरण सेवा सुरु गरिएको जानकारी दिए। उनले स्थानीय सरकार नागरिकको आवश्यकतालाई केन्द्रमा राखेर काम गरिरहेको पनि बताए।

विशेषगरी वैदेशिक रोजगारी, उच्च शिक्षा, व्यवसाय तथा अन्य विभिन्न प्रयोजनका लागि राहदानी आवश्यक पर्ने नागरिकहरूका लागि यो सेवा निकै उपयोगी सावित हुने अपेक्षा गरिएको छ। विगतमा राहदानी लिन जिल्ला सदरमुकाम वा सम्बन्धित कार्यालयसम्म पुग्नुपर्ने अवस्था रहेकामा अब घरमै राहदानी प्राप्त गर्न सकिने भएपछि सेवाग्राहीहरू उत्साहित भएका छन्।

स्थानीयवासीका अनुसार हुलाकमार्फत घरमै राहदानी प्राप्त हुँदा यात्रा खर्च, समय तथा अन्य झन्झट कम भएको छ। ग्रामीण भेगका नागरिक, ज्येष्ठ नागरिक, महिला तथा दैनिक रोजगारीमा व्यस्त व्यक्तिहरूका लागि यो सेवा अझ बढी लाभदायक बनेको उनीहरूको भनाइ छ।

नागरिकमैत्री सेवा प्रवाहका दृष्टिले ईशनाथ नगरपालिकाको यो पहल उदाहरणीय मानिएको छ। स्थानीय तहले प्रविधि, हुलाक सेवा तथा प्रशासनिक संयन्त्रको प्रभावकारी उपयोग गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम सञ्चालन गर्न सकिने सन्देश यस अभियानले दिएको छ। सुशासन, उत्तरदायित्व र नागरिक सन्तुष्टिलाई केन्द्रमा राखेर अघि बढाइएको घरमै राहदानी वितरण सेवा स्थानीय सरकारको प्रभावकारी कार्यशैलीको उदाहरण बनेको छ। यस प्रकारका जनमुखी कार्यक्रमले नागरिक र सरकारबीचको विश्वास अझ मजबुत बनाउनुका साथै सेवा प्रवाहलाई आधुनिक, पारदर्शी र पहुँचयोग्य बनाउन महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

# गौर आँखा अस्पतालको महाअभियान एकैदिन दुई स्थानमा वृहत् कार्यक्रम ४६ जनामा मोतियाबिन्दु फेला

*शु. आ. सम्बाददाता*
*रौतहट, २७ जेठ*

नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित गौर आँखा अस्पतालको नमुना महाअभियान अन्तर्गत बुधबार एकैदिन दुई छुट्टाछुट्टै स्थानमा बालबालिका तथा ज्येष्ठ नागरिकलाई लक्षित गरी वृहत् आँखा स्वास्थ्य कार्यक्रम सम्पन्न भएको छ। जनमुखी सेवा प्रवाहलाई केन्द्रमा राखेर सञ्चालित यस अभियान अन्तर्गत ईशनाथ नगरपालिका र गौर नगरपालिकामा सेवा प्रदान गरिएको हो।

सामाजिक संस्था माण्डवीको विशेष पहलमा ईशनाथ नगरपालिका-१ औरैया स्थित पुरानो नगरपालिका भवनमा ज्येष्ठ नागरिक लक्षित विशेष लक्षित विशेष आँखा शिविर सञ्चालन गरिएको थियो। उक्त शिविरमा १७८ जना ज्येष्ठ नागरिक तथा सर्वसाधारणको विशेषज्ञ परामर्शसहित आँखा परीक्षण गरिएको छ। परीक्षण गराएकामध्ये १३८ जनालाई निःशुल्क औषधि वितरण गरिएको अस्पताल प्रशासनले जनाए।



शिविरमा परीक्षणका क्रममा ४६ जनामा लेन्स प्रत्यारोपण गर्नुपर्ने गरी मोतियाबिन्दुको समस्या फेला परेको छ। ती सबै बिरामीहरूलाई बिहीबार गौर आँखा अस्पतालमा ल्याई निःशुल्क शल्यक्रिया गरिने जनाए।

यसैगरी गौर नगरपालिका वडा नम्बर ५ स्थित आई.बी.ए. स्कुलमा बालबालिकालाई लक्षित गरी आँखा स्वास्थ्य सम्बन्धी जनचेतनामूलक तथा परीक्षण कार्यक्रम गरिएको छ। कार्यक्रमको पहिलो दिन बुधबार १२५ जना विद्यार्थीहरूको आँखा परीक्षण गर्दा १८ जना करिब १६ प्रतिशतमा दृष्टिदोषको समस्या फेला परेको छ। दृष्टिदोष देखिएका ती विद्यार्थीहरूलाई आगामी शनिबार गौर आँखा अस्पतालमा थप विस्तृत परीक्षण गरी निःशुल्क चस्मा वितरण गरिने कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेयले जानकारी दिए।

अभियानलाई थप प्रभावकारी र व्यापक बनाउने उद्देश्यका साथ आगामी जेठ ३० गते शनिबार रौतहटको यमुनामाई गाउँपालिकास्थित श्री जनता माध्यमिक विद्यालय, सअठामा अर्को वृहत् आँखा शिविर आयोजना गरिने भएको छ। उक्त शिविर आर डीसी गौरको विशेष पहलमा संञ्चालन हुन लागेको संयोजक पाण्डेयले बताए।


बुधबारका कार्यक्रमहरूलाई सफलतापूर्वक सम्पन्न गर्न गौर आँखा अस्पतालकी नेत्र अधिकृत बिनिता केशरीको नेतृत्वमा ११ सदस्यीय प्राविधिक टोली खटिएको थियो। टोलीको सक्रियता र उत्कृष्ट व्यवस्थापनका कारण दुवै कार्यक्रम प्रभावकारी रूपमा सम्पन्न भएको अस्पतालले जनाए।

अस्पतालले हाम्रो कर्तव्य हाम्रो जिम्मेवारी – आँखा सेवामा सबैको साझेदारी भन्ने मूल नाराका साथ जिल्लाभर यो महाअभियान चलाइरहेको छ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।**

# आर्थिक वर्षको अन्त्य नजिकिँदै : देवताल र बारागढी गाउँपालिकाद्वारा भुक्तानी तथा खाता बन्दबारे सूचना जारी

*शु.आ. सम्बाददाता*
*बारा, २७ जेठ*




चालु आर्थिक वर्ष २०८२/०८३ समाप्त हुन लागेसँगै बाराका दुई स्थानीय तह देवताल गाउँपालिका र बारागढी गाउँपालिकाले भुक्तानी तथा खाता बन्द सम्बन्धी सूचना जारी गर्दै योजना तथा कार्यक्रम समयमै सम्पन्न गरी आवश्यक कागजात पेश गर्न सम्बन्धित सबै पक्षलाई आग्रह गरेका छन्।

देवताल गाउँपालिकाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(७) अनुसार आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिनअघि सम्पूर्ण भुक्तानी प्रक्रिया सम्पन्न गरी लेखा अद्यावधिक गर्नुपर्ने कानुनी व्यवस्था रहेको जनाएको छ। गाउँपालिकाले वडा कार्यालय, विषयगत शाखा, उपभोक्ता समिति, निर्माण व्यवसायी, फर्म तथा संघ-संस्थालाई सम्बोधन गर्दै गाउँपालिकाबाट सञ्चालित सम्पूर्ण योजना तथा कार्यक्रम सम्पन्न गरी अनुगमन समितिबाट अनुगमन समेत गराई भुक्तानीका लागि आवश्यक कागजात असार १० गतेभित्र अनिवार्य रूपमा पेश गर्न सूचना जारी गरेको हो। सूचनामा आर्थिक वर्षको अन्तिम चरणमा कर दाखिला, संघीय तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रकम फिर्ता गर्ने, कोष तथा लेखा नियन्त्रक कार्यालयमा भौचर बुझाउने तथा विभिन्न निकायमा प्रतिवेदन पठाउने कार्य एकैपटक गर्नुपर्ने भएकाले समयमै प्रक्रिया पूरा गर्न आग्रह गरिएको छ। तोकिएको समयभित्र कागजात पेश नगरी भुक्तानी हुन नसकेमा कार्यालय जवाफदेही नहुने समेत स्पष्ट गरिएको छ।

यस्तै, बारागढी गाउँपालिकाले पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) बमोजिम भुक्तानी तथा निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान स्मरण गराउँदै सूचना जारी गरेको छ। गाउँपालिकाले अन्तिम समयमा प्रणालीमा अत्यधिक चाप पर्ने, सर्भर डाउन हुने तथा लेखा व्यवस्थापनमा समस्या आउन सक्ने भएकाले समयमै प्रक्रिया पूरा गर्न अनुरोध गरेको छ। बारागढी गाउँपालिकाको सूचनाअनुसार गाउँपालिकाबाट सञ्चालित सम्पूर्ण योजना तथा कार्यक्रम असार १५ गतेभित्र सम्पन्न गरी असार २० गतेभित्र अनिवार्य रूपमा भुक्तानी लिई फरफारक गर्नुपर्नेछ। तोकिएको समयभित्र फाइल पेश नगर्ने वा भुक्तानी लिन नआउने पक्षप्रति कार्यालय जिम्मेवार नहुने चेतावनी समेत दिइएको छ।

स्थानीय तहहरूले आर्थिक वर्षको अन्त्यमा हुने वित्तीय व्यवस्थापन, कर दाखिला, अनुदान फिर्ता तथा प्रतिवेदन तयारीजस्ता कार्यलाई व्यवस्थित बनाउन समयमै योजना सम्पन्न गरी भुक्तानी प्रक्रिया टुंग्याउन सरोकारवाला सबैलाई आग्रह गरेका छन्। यसले आर्थिक अनुशासन कायम राख्नुका साथै वार्षिक वित्तीय प्रतिवेदन समयमै तयार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# भारतबाट अवैध रुपमा ल्याइएका ७ हजार ४ सय ब्रोइलर चल्ला बरामद, एक जना पक्राउ

हरिकिशोर शर्मा
पर्सा, २७ जेठ



पर्साको सीमावर्ती क्षेत्रमा भारतबाट अवैध रूपमा नेपाल भित्र्याइँदै गरिएका प्रतिबन्धित ब्रोइलर कुखुराका चल्ला सशस्त्र प्रहरी बलले नियन्त्रणमा लिएको छ। सशस्त्र प्रहरी बल, नेपाल नं.१३ गण हेडक्वार्टर पर्साबाट खटिएको मोबाइल टोलीले विशेष सूचनाको आधारमा बिन्दबासिनी गाउँपालिका-४ अमरपट्टीस्थित सीमा क्षेत्रमा छापा मारेर ठूलो परिमाणमा चल्ला बरामद गरेको हो। सशस्त्र प्रहरीले करिब ७ लाख ४० हजार रुपैयाँ बराबर मूल्यका ७४ कार्टुनमा राखिएका ७ हजार ४ सय गोटा ब्रोइलर कुखुराका चल्ला नियन्त्रणमा लिएको जनाएको छ। उक्त चल्लासहित बिन्दबासिनी गाउँपालिका-४ अमरपट्टी निवासी अन्दाजी ४२ वर्षीय उमेश मुखियालाई समेत नियन्त्रणमा लिइएको सशस्त्र प्रहरीले जनाएको छ। नियन्त्रणमा लिइएका चल्ला तथा व्यक्तिलाई आवश्यक कानुनी कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको थियो। पशु स्वास्थ्य तथा क्वारेन्टाइनसम्बन्धी प्रचलित कानुनी व्यवस्था अनुसार ती चल्लाहरू नष्ट गरिएको सशस्त्र प्रहरीले जानकारी दिएको छ। सशस्त्र प्रहरी बलका अनुसार नेपाल प्रहरी, स्थानीय सञ्चारकर्मी, क्वारेन्टाइन कार्यालयका प्रतिनिधि तथा स्थानीय जनप्रतिनिधिको रोहवरमा सशस्त्र प्रहरी बल, नेपाल नं.१३ गण हेडक्वार्टर पर्सा परिसरमा चल्लाहरू नष्ट गरिएको हो।

सशस्त्र प्रहरी बल, नेपाल नं.१३ गण हेडक्वार्टर पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाले सीमावर्ती क्षेत्रमा हुने अवैध आयात तथा तस्करी नियन्त्रणका लागि निगरानी र सुरक्षा व्यवस्थालाई थप कडा बनाइएको बताएका छन्। उनले पशुजन्य वस्तुको अवैध आयातले पशु स्वास्थ्यमा जोखिम सिर्जना गर्नुका साथै राज्यको राजस्वमा समेत असर पार्ने भएकाले यस्ता गतिविधिविरुद्ध अभियानलाई निरन्तरता दिइने बताए।

सीमावर्ती क्षेत्रमा पछिल्लो समय अवैध रूपमा पशुपन्छी तथा कृषि उपज भित्र्याउने प्रयास बढ्दै गएको अवस्थामा सशस्त्र प्रहरीको सक्रियताले यस्ता गतिविधि नियन्त्रणमा सहयोग पुगेको स्थानीयवासीले बताएका छन्।

# बिलबिजकविहीन २६ क्विन्टलभन्दा बढी आँप सहित पिकअप गाडी नियन्त्रणमा, चालक पक्राउ

*शु.आ. सम्बाददाता*
*बारा, २७ जेठ*

बाराको अमलेखगञ्ज क्षेत्रमा प्रहरीले बिलबिजक तथा वनस्पति क्वारेन्टाइन प्रमाणपत्रविहीन ठूलो परिमाणको आँपसहित एक पिकअप गाडी नियन्त्रणमा लिएको छ। नियमित सुरक्षा जाँचका क्रममा आवश्यक कागजात नभेटिएपछि आँप, सवारीसाधन तथा चालकलाई नियन्त्रणमा लिएर थप कारबाहीका लागि भन्सार कार्यालय पठाइएको प्रहरीले जनाएको छ।



इलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट प्रहरी वरिष्ठ नायब निरीक्षक प्रकाशकुमार खत्रीको कमाण्डमा खटिएको चेकिङ टोलीले जितपुरसिमरा उपमहानगरपालिका-२१ अमलेखगञ्ज क्षेत्रमा सिरहाबाट हेटौंडातर्फ जाँदै गरेको मधेश प्रदेश ०३-००१ च ६७८४ नम्बरको पिकअप गाडी रोकी जाँच गरेको थियो। जाँचका क्रममा गाडीमा ढुवानी गरिँदै गरेको १०६ क्यारेट अर्थात् करिब २ हजार ६५० किलोग्राम आँपका लागि आवश्यक बिलबिजक तथा वनस्पति

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - फेटा गाउँपालिका, बारा